सबैका लागि शिक्षा २००४-०९

# फर्मेटिभ अनुसन्धान परियोजना

**Formative Research Project**

## अनुसन्धान प्रतिवेदनहरूको सारसङ्क्षेप - १

त्रिभुवन विश्वविद्यालय
शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)
फर्मेटिभ अनुसन्धान परियोजना
२०६२

| | |
|---|---|
| सम्पादन | डा. किशोर श्रेष्ठ |
| भाषा सम्पादन | दिवाकर ढुङ्गेल<br>वेदनाथ रेग्मी<br>चन्द्रमणि भण्डारी |
| डिजाइन तथा लेआउट | चन्द्रमणि भण्डारी<br>गौतम मानन्धर |
| प्रकाशन सहयोगी | सुरेश शाक्य<br>विष्णुविक्रम गिरी<br>सुरेनु पुरी |
| छपाइ | भक्तबहादुर श्रेष्ठ |

| | |
|---|---|
| प्रकाशक | त्रिभुवन विश्वविद्यालय<br>शिक्षा विकास तथा अनुसन्धान केन्द्र<br>फर्मेटिभ अनुसन्धान परियोजना<br>पो.ब.नं.: २१६१, फोन नं. ४२८६७३२<br>फ्याक्स: ४२७४२२४<br>email: **formative@cerid.org** and **cerid@mos.com.np**<br>CERID on Internet: **http://www.cerid.org** |

# भूमिका

सबैका लागि शिक्षा (२००४-०९) कार्यक्रम नेपालको शिक्षा क्षेत्रका लागि एक महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रमको सफल कार्यान्वयनका लागि अध्ययन, अनुसन्धानमा आधारित कार्यक्रम कार्यान्वयनसम्बन्धी आवश्यक सूचना प्रवाह गर्न फर्मेटिभ अनुसन्धान परियोजनाको व्यवस्था भएको छ ।

यहाँहरूलाई विदितै छ त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्रले श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालयको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण) को सफल कार्यान्वयनमा पनि फर्मेटिभ अनुसन्धान परियोजना सञ्चालन गरेर आवश्यक सहयोग पुऱ्याएको थियो ।

विगतमा झैँ सबैका लागि शिक्षा कार्यक्रमको फर्मेटिभ अनुसन्धान परियोजना सञ्चालन गर्ने गहनतम जिम्मेवारी श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय र नर्वे सरकारको शिक्षा तथा अनुसन्धान मन्त्रालयबाट यस केन्द्रलाई सुम्पिएको छ जसअनुसार आ.व. २०६०/०६१ मा फर्मेटिभ अनुसन्धान परियोजनाअन्तर्गत लङ्गिच्यूडिनल अध्ययनलगायत ४ ओटा लघु अनुसन्धानहरू सञ्चालन गरिएका थिए । अनुसन्धानका निष्कर्ष तथा सुझावहरूलाई सरोकारवालाहरूको समूहसम्म पुऱ्याउनुपर्ने आवश्यकतालाई मध्यनजर राखी माथिका ४ ओटै अनुसन्धानबाट आएका निष्कर्ष तथा सुझावहरूलाई नेपालीमा अनुवाद गरी यो पुस्तिका तयार गरिएको छ । आशा छ, यसले सबैका लागि शिक्षा कार्यक्रमलाई अझ बढी प्रभावकारी रूपमा लागू गर्न आवश्यक मद्दत गर्नेछ । यसका लागि फर्मेटिभ अनुसन्धान कार्यक्रमका संयोजकलगायत संलग्न सबै अनुसन्धानकर्ताहरू तथा समूहमा सामेल भई सहयोग पुऱ्याउनुहुने श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय सेरिड र अन्य निकायका सबै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ । साथै, अनुसन्धानलाई आवश्यक तथ्याङ्क उपलब्ध गराइदिने संस्था तथा महानुभावहरू र अनुसन्धान प्रतिवेदनका निम्ति आवश्यक सल्लाह र सुझाव प्रदान गर्नुहुने शिक्षाविद्हरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

डा. हृदयरत्न बज्राचार्य
कार्यकारी निर्देशक

२०६२

# विषयसूची


| | |
|---|---|
| | <u>पेज</u> |
| शिक्षामा सुविधाविहीन बालबालिकाको पहुँच | १ |
| विद्यालय सुधार योजना : सफल विद्यालयको अध्ययन | ५ |
| आदिवासी तथा भाषिक अल्पसङ्ख्यक समूहको सिकाइ आवश्यकता | ८ |
| एकमुष्ठ अनुदान वितरण व्यवस्था | १२ |

# शिक्षामा सुविधाविहीन बालबालिकाको पहुँच

## पृष्ठभूमि

नेपालको शैक्षिक तथ्याङ्क हेर्दा झण्डै १८ प्रतिशत बालबालिकाले अझै पनि विद्यालयमा पहुँच पाएका छैनन् । यस्ता सुविधाविहीन जीवनबाट गुज्रिरहेका जनजातिका बालबालिकाहरूलाई विद्यालय कसरी पुऱ्याउन सकिन्छ, विद्यालयप्रति कसरी आकर्षण गर्न सकिन्छ, विद्यालयमा कसरी अड्याउन सकिन्छ आदि सबैका लागि शिक्षा (सन् २००४-०९) को मुख्य चासोको विषय बनेको छ । यिनै उल्लिखित कुराहरूलाई मध्यनजरमा राखेर यो अध्ययन प्रारम्भ गरिएको हो । अध्ययनले भौगोलिक कारणले सम्भावनाहरूबाट वञ्चित, सामाजिक हिसाबले तल्लो जाति, मौसमी बसाइँसराइ, सामाजिक क्रियाशीलता कम भएका समूहहरू पत्ता लगाई उनीहरूलाई विद्यालय ल्याउन गर्नुपर्ने उपाय पत्ता लगाउन खोजिएको थियो ।

यस अध्ययनमा बारा जिल्लाको बरियारपुर र तेलकुवा गा.वि.स.का मुसहर (सबैभन्दा कम साक्षरता दर भएको दलित समूह), रसुवाका भिमली र ग्राङ् गा.वि.स.का तामाङ (जनसङ्ख्याको हिसाबले अधिक रहे तापनि साक्षरता प्रतिशत कम रहेको जनजाति) र काभ्रेका बालुवा, होक्से र पाँचखाल गा.वि.स.का दनुवार समुदाय (सीमान्त जनजाति समूह) लाई समावेश गरिएको थियो । मुसहरहरूको विस्तृत अध्ययनका लागि दलित प्राथमिक विद्यालय र नेपाल राष्ट्रिय प्राथमिक विद्यालय लक्षित विद्यालय थिए । तामाङको अध्ययनका लागि भिमली र ग्राङ् प्राथमिक विद्यालय छनोटमा परेका थिए भने दनुवारको अध्ययन गर्न भुवनेश्वरी प्राथमिक विद्यालय र झिङ्गनादेवी प्राथमिक विद्यालय लिइएका थिए । भौगोलिक हिसाबले तीन भिन्न किसिमको अवस्थाका समुदायका बालबालिकाहरू विद्यालय बाहिर रहनुपरेका कारणहरू फरक-फरक किसिमका पाइएका छन् ।

## अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित छन् -

- विद्यालयसम्मको पहुँच नपुगेका बालबालिकाहरूको पहिचान गर्नु,
- उनीहरूको शिक्षामा पहुँच नपुग्नुका विशेष कारणहरू पत्ता लगाउनु,
- ती बालबालिकाहरूलाई कसरी विद्यालय पुऱ्याउन सकिन्छ भन्ने कुराको खोजी गर्नु,
- विद्यालय भर्ना भएका बालबालिकाहरूको विद्यालयमा निरन्तरताको सम्बन्धमा उपाय पहिचान गर्नु ।

## अध्ययन विधि

अध्ययनका क्रममा निम्नलिखित विधिहरूको अवलम्बन गरिएको थियो -

- जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति र सम्बन्धित गैरसरकारी संस्थासँग छलफल र अवलोकन,
- विद्यालयसम्मको पहुँच नपुगेका लक्षित समुदाय र विद्यालयको पहिचान,
- समुदायका व्यक्तिहरूसँग सम्पर्क, लक्षित समूहसँग छलफल, अन्तर्क्रिया, अन्तर्वार्ता र घरधुरी सर्वेक्षण,
- प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र बालबालिकाहरूसँग अन्तर्क्रिया,
- विद्यालय र कक्षाकोठाको अवलोकन तथा विद्यालय सर्भे,
- प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका सदस्यहरू, विद्यालय बाहिरका बालबालिकाहरूसँग अन्तर्क्रिया,

- व्यवस्थापन समिति, भूतपूर्व गा.वि.स. पदाधिकारी र अभिभावकहरूको सहभागितामा लक्षित समूह छलफल,
- जिल्लास्तरीय कार्यशाला,
- विद्यालय र समुदायबाट प्राप्त जानकारीहरूबारे अन्तर्क्रिया गरी पृष्ठपोषणको सङ्कलन ।

*लक्षित समूह पहिचान*

सुविधाविहीन बालबालिकाको पहिचान गर्न निम्न आधारहरू लिइएका थिए -

- साक्षरतासम्बन्धी जनगणनाको प्रतिवेदन
- पूर्व अनुसन्धानहरू
- अध्ययनका लागि छनोटमा परेका सुविधाविहीन समूहहरू
- अध्ययनका निष्कर्षहरू

## मुख्य प्राप्तिहरू

*पहुँच*

विद्यालय

- बारा जिल्लाको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा मुसहर विद्यार्थीहरू भर्ना भएको देखिए तापनि उनीहरू विद्यालयमा कुनै पनि दिन हाजिर भएको देखिएन ।
- काभ्रेको पान्डुलामा दनुवार समुदायको सक्रियतामा विद्यालय भवन निर्माण गरी स्वीकृतिका लागि जिल्ला शिक्षा कार्यालयमा निवेदन पेश गरिएकोमा रू. ५०,०००/- जम्मा गर्नुपर्ने व्यवस्थाले विद्यालय सञ्चालन हुन नसकेको पाइयो ।
- विद्यालय टाढा भएको कारण दनुवार र तामाङ बालबालिकाहरू विद्यालयमा नियमित नभएको पाइयो ।

सिकाइ

- भौतिक पूर्वाधारहरू नभएका कारण बारा जिल्लाको परियारपुर गा.वि.स.अन्तर्गतको दलित प्राथमिक विद्यालयमा गुणस्तरीय शिक्षा हुन सकेको छैन ।
- बारा र रसुवा जिल्लामा विद्यार्थी अनुपातमा शिक्षक सङ्ख्या पर्याप्त हुँदाहुँदै पनि शिक्षकहरू अनुपस्थित रहने गरेको पाइयो ।
- तेलकुवाको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा मुसहरका बालबालिकाहरूलाई मात्र विद्यालय वरिपरिको फोहोर सफा गर्ने जस्ता तल्लो तहको काममा लगाइन्छ भनी अभिभावकले गुनासो गरे ।

शैक्षिक सामग्री

- सम्पूर्ण लक्षित विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको अभाव देखियो ।
- जिल्ला शिक्षा कार्यालय रसुवाले अध्ययनको समयसम्म (ज्येष्ठ) पनि पाठ्यपुस्तकका लागि विद्यालयमा रकम नपठाएको पाइयो ।
- कक्षा १ र २ मा अध्ययनरत विद्यार्थीहरूसँग कापी र पेन्सिलको अभाव देखियो ।

*बाधाहरू*

सामाजिक बाधा

- उपल्ला जातिका बालबालिकाहरूले मुसहर र दनुवारका केटाकेटीलाई तल्लो जातिका भनेर गिज्याउने गर्दछन् ।
- मुसहर अभिभावकहरू आफ्ना बालबालिका विद्यालयले गराउने विभिन्न शारीरिक क्रियाकलापहरूमा सामेल होऊन् भन्ने चाहन्छन् ।
- मुसहर बालबालिकालाई घरमा अध्ययन गर्न सानो ठाउँ पनि उपलब्ध छैन ।

परम्परागत समस्या

- दनुवारहरू निर्णय गर्ने क्षमतामा कमजोर रहेको पाइयो ।
- अभिभावकको मौसमी बसाइँसराइको परम्पराले तामाङ र दनुवारका बालबालिकाहरू शिक्षाबाट सुविधाविहीन भएका छन् ।
- अभिभावक बिहान काममा जाने हुँदा खाना बनाउने मान्छेको अभावका कारण कुनै केटाकेटीहरू विद्यालय आउँदैनन्, कोही ढिलो आउँछन् र कोही भोकै आउँछन् र छिटो फर्किन्छन् ।
- दनुवारहरूले ससाना बालबालिकाहरूलाई समेत रक्सी खुवाउँछन् र आफू पनि आम्दानीको धेरै भाग रक्सीमा खर्च गर्छन् ।

धारणागत समस्या

- मुसहर जातिलाई लक्षित समूह बनाई काम गर्ने सरकारी, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी निकायले तथ्याङ्क सङ्कलन गरी आफ्नो अभीष्ट मात्र पूरा गर्ने गरेको भन्ने समुदायको गुनासो रहेको छ ।
- शिक्षा हासिल गरेका दलितहरू रोजगारीबाट टाढा रहेकाले मुसहर र दनुवारहरूमा शिक्षाप्रति विकर्षण बढेको पाइयो ।
- भर्ना समयमा विद्यालयले भर्ना शुल्क लिने गरेका कारण बालबालिका भर्ना हुन नसकेको अवस्था काभ्रे जिल्लामा पाइयो ।
- सरकारी/गैरसरकारी निकायसँग विद्यालयसम्मको पहुँच पुऱ्याउने खालका प्रभावकारी कार्यक्रमहरूको अभाव रहेको पाइयो ।

*छात्रवृत्ति*

बूस्टर छात्रवृत्ति

- काभ्रे जिल्लामा बूस्टर (Booster) छात्रवृत्ति वितरण गरेको पाइयो । बारा जिल्लामा जिल्ला शिक्षा अधिकारी वितरण गर्ने सोचमा मात्र रहेको जानकारी पाइए तापनि विद्यालय तथा समुदाय यस छात्रवृत्तिका सम्बन्धमा अनभिज्ञ रहेको पाइयो ।

छात्रवृत्ति

- बारा र रसुवामा जिल्ला शिक्षा कार्यालयले रकमको बाँडफाँड नगरीकन सीधै विद्यालयको खातामा जम्मा गरेको पाइयो । यसले गर्दा कुन शीर्षकमा कति रकम खर्च गर्ने भन्ने कुरामा विद्यालय अलमलमा परेको पाइयो ।

पाठ्यपुस्तक

- रसुवाको ग्राङ् प्राथमिक विद्यालयका बालबालिका आफैले खरीद गरेका पाठ्यपुस्तक लिएर विद्यालय आउँछन् । तर पाठ्यपुस्तकको रकम उनीहरूले पाएका छैनन् । त्यस्तै, बारा र काभ्रेका बालबालिकाले समयमै पाठ्यपुस्तक पाइसकेका छन् ।

*गैरसरकारी निकायको विद्यालयसम्मको पहुँच र गुणस्तरसम्बन्धी क्रियाकलापहरू*

- दिउँसोको खाजा : विश्व खाद्य कार्यक्रमले रसुवाका दुवै विद्यालयका बालबालिकाका लागि दिउँसोको खाजा र बालिकाहरूका लागि तेल उपलब्ध गराएको छ । तर कक्षा १ का बालिकाहरूले तेल पाएका छैनन् ।
- बालिका र महिलाका लागि विकेन्द्रित कार्य (DACAW): यो कार्यक्रम यूनिसेफको आर्थिक सहयोगमा सञ्चालन भएको हो । यसमा जिल्ला कार्यक्रम संयोजकले कार्यक्रम बनाएपछि यूनिसेफको केन्द्रीय कार्यालयमा बजेटको माग गर्दछन् । उक्त रकम जिल्ला शिक्षा कार्यालयमा जम्मा हुन्छ र विद्यालयमा पठाइन्छ ।

## सुझावहरू

- सुविधाविहीन समूहका अभिभावक वा समाजसेवीलाई क्रियाशील बनाउने ।
- मुसहरहरूलाई नै परिचालन गरेर औपचारिक वा अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विद्यालयमा शिक्षकको नियमितता र तलबका कुरामा समुदाय तहको अनुगमन प्रणालीको विकास र त्यसको कार्यान्वयन गर्ने ।
- लक्षित समुदायमा उपेक्षित वा दलित वर्गबाट शिक्षक नियुक्ति गर्ने व्यवस्थालाई अनिवार्य गर्ने ।
- विद्यालय र समुदायबीचको फाँट कम गर्न उपेक्षित बालबालिकाहरूलाई विद्यालयसम्म लैजान स्थानीय तहको एक व्यक्तिलाई सहजकर्ता नियुक्त गर्ने ।
- विद्यालयमा उपेक्षित जातिका बालबालिका र उपल्लो जातिका बालबालिकाहरूबीच हुने पक्षपातपूर्ण व्यवहार तत्काल हटाइनुपर्ने । यस सम्बन्धमा अभिभावक-शिक्षक सङ्घ, विद्यालय व्यवस्थापन समिति र स्रोतव्यक्तिहरूलाई पनि जिम्मेवार बनाउने ।

*शिक्षक-सिकाइ प्रक्रिया*

- विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन समुदायमा खेलिने खेल वा अन्य क्रियाकलापहरूलाई विद्यालय सिकाइ क्रियाकलापमा समावेश गर्ने ।
- दनुवार र तामाङ बालबालिकाहरूका लागि घुम्ती शिक्षकको व्यवस्था हुनुपर्ने ।
- समुदायको क्रियाकलापका आधारमा विद्यालय समय लचिलो गराइनुपर्ने ।

*व्यवस्थापन*

- विद्यालयहरूमा भौतिक पूर्वाधारको पर्याप्त व्यवस्था हुनुपर्ने ।
- कार्यान्वयन निर्देशिका र रकम केन्द्रीय तहबाट जिल्ला शिक्षा कार्यालय र जिल्ला शिक्षा कार्यालयबाट विद्यालय एवं समुदायमा नियमित रूपमा यथासमयमा पुर्‍याइनुपर्ने ।
- श्री ५ को सरकार र गैरसरकारी निकायबीचको समन्वयले सकारात्मक प्रभाव पार्ने भएकाले यी दुवैका कार्यक्रमहरू एकैसाथ सञ्चालन गर्न प्रभावकारी निरीक्षण प्रणालीको विकास गर्नुपर्ने ।
- प्राथमिक विद्यालयको स्थापना गर्दा रु. ५०,००० जम्मा गर्नुपर्ने प्रावधान खारेज गर्नुपर्ने वा गरीब समुदायका लागि विशेष व्यवस्था गर्नुपर्ने ।
- छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यान्वयन निर्देशिकाको प्रभावकारी अनुसरण हुनुपर्ने ।

# विद्यालय सुधार योजना: सफल विद्यालयको अध्ययन

## पृष्ठभूमि

शिक्षा क्षेत्रमा विकेन्द्रीकरणको अवधारणालाई अघि बढाउने उद्देश्यले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमअन्तर्गत विद्यालय सुधार योजना (SIP) लागू गरिएको हो । सबैका लागि शिक्षा १भ८० कार्यक्रमले यस योजनालाई पुन: अघि बढाएको छ । विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय विकास प्रक्रियालाई प्रभावकारी बनाउन यस योजनाले सरोकारवालाहरूलाई जिम्मेवार बनाउने प्रयास पनि गर्दछ । यसका लागि आवश्यक स्रोत साधन तथा आवश्यक तालिमको व्यवस्था श्री ५ को सरकारले गर्दछ । विद्यालय सुधार योजना प्रारम्भमा ५ ओटा जिल्लामा परीक्षणस्वरूप लागू गरिएकोमा पछि १२ ओटा जिल्लामा यसको विस्तार गरियो । त्यसै गरी बाँकी जिल्लाहरूमा यो योजना २ ओटा स्रोतकेन्द्रका विद्यालयहरूलाई समेत समेट्ने गरी लागू भयो ।

यस अध्ययन प्रतिवेदनमा विद्यालय सुधार योजना सफल रूपमा कार्यान्वयन भएका विद्यालयका विभिन्न पक्षहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित छन् -

- विद्यालय सुधार योजना कार्यान्वयनका प्रक्रियाबारे विश्लेषण गर्ने,
- विद्यालय सुधार योजनाका महत्वपूर्ण पक्षहरूको पहिचान गर्ने,
- विद्यालय सुधार योजना सफल हुने अवस्थाहरू पत्ता लगाउने ।

## अध्ययन विधि

अध्ययनको क्रममा निम्नलिखित प्रक्रियाहरू अवलम्बन गरिएको थियो -

- शिक्षा क्षेत्रमा विकेन्द्रीकरणका प्रयासहरूको पुनरावलोकन,
- विद्यालय सुधार योजनासम्बन्धी अनुसन्धान प्रतिवेदन तथा छनोट गरिएका विद्यालयहरूका विद्यालय सुधार योजनाहरूको पुनरावलोकन,
- चितवन, स्याङ्जा र मोरङ जिल्लाहरूबाट आवश्यक तथ्याङ्क सङ्कलन । तथ्याङ्क सङ्कलनको क्रममा सम्बन्धित जिल्लाका जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, जिल्लाका प्राथमिक शिक्षा हेर्ने शाखा अधिकृत, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र अभिभावकहरूसँग अन्तर्वार्ता र छलफल,
- विद्यालयका बैठक निर्णय पुस्तिकाहरू, सुपरिवेक्षण पुस्तिकासम्बन्धी पत्र तथा अभिलेखहरूको अध्ययन,
- विद्यार्थीहरूबाट लेखिएका जर्नल विश्लेषण,
- जिल्ला तथा केन्द्रमा अनुभव आदान-प्रदान गर्न कार्यशाला सञ्चालन ।

## मुख्य प्राप्तिहरू

- विद्यालय सुधार योजनाले परिवर्तन ल्याउन सक्ने देखिए तापनि विद्यालय सुधार योजनामात्रले विद्यालय सुधारमा उल्लेखनीय असर पार्न सकेको पाइएन ।
- विद्यालय सुधार योजना विद्यालय सुधारमा साधन नभएर आफैमा साध्य भएको जस्तो प्रतीत हुन्छ ।

- विद्यालय सुधार योजनाले विद्यालय सुधारका लागि उपयुक्त वातावरण वा परिस्थिति निर्माण गरेको छ ।
- प्रधानाध्यापकले अघि सारेको योजना र पारदर्शी नेतृत्वले विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयनमा योगदान पुऱ्याएको पाइन्छ ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, अभिभावक र समुदायका सदस्यहरू बीचको अन्तर्सम्बन्धको स्तरवृद्धिले विद्यालय सुधार योजनालाई सफल बनाएको देखिन्छ ।
- सुधार योजना कार्यान्वयनको सन्दर्भमा विद्यालयहरूले गैरसरकारी सङ्घसंस्था, क्लब, स्थानीय निकाय तथा अन्य संस्थाहरूबाट अनुदान सहयोग जुटाउने कार्यको थालनी गरेका छन् ।
- विद्यालय सुधार योजना स्थानीय सरोकारवालाहरूको चाहनालाई समेत सम्बोधन गर्ने लचकताका साथ अगाडि बढेको पाइन्छ ।
- विद्यालय सुधार योजनाको कार्यान्वयनको क्रममा लैङ्गिक पक्षलाई कम ध्यान दिइएको देखिन्छ ।
- विद्यालय सुधार योजनाको कार्यान्वयनले विद्यालय संस्कृति र व्यवस्थापनमा परिवर्तन ल्याएको पाइन्छ ।
- विद्यालय सुधार योजनाले केही मात्रामा भए पनि स्रोत योजनाको पक्षमा ध्यान दिएको देखिन्छ ।
- योजना र कार्यान्वयन बीचको सेतु अहिलेसम्म पनि स्थापना भएको पाइँदैन ।
- विद्यालय सुधार योजना सञ्चालनमा अहिले पनि पर्याप्त सहयोग र त्यसका सरोकारवालाहरूको क्षमता अभिवृद्धिको खाँचो छ ।
- विद्यालय सुधार योजनाको सफल कार्यान्वयन शिक्षाको सफल प्रतिफल हो भन्ने बुझिँदैन ।
- प्रचलित शैक्षिक व्यवस्थामा विद्यालयलाई सफल विद्यालयका रूपमा परिचित गराउने वा मूल्याङ्कन गर्ने परिपाटी वा मापनको अभाव देखिन्छ ।
- सफल विद्यालय सुधार योजनामा देहायका तत्वहरू समाहित रहेको देखिन्छ -
  - सामाजिक परिचालन/प्रक्रियामा अभिवृद्धि गर्ने
  - स्वामित्वको भाव बढाउने
  - विद्यालयमा पारदर्शिता अभिवृद्धि गर्ने
  - स्रोत परिचालन गर्ने
  - समाजको सहभागिता बढाउने
  - विद्यालयमा सुविधाहरूको अभिवृद्धि गर्ने

## सुझावहरू

- विद्यालय सुधार योजनाका गतिविधिहरूको अनुगमन गरिरहनुपर्ने ।
- प्रधानाध्यापकको कार्यक्षमता, दक्षता तथा गुणस्तर वृद्धि गर्न व्यवस्थापन तालिम, गोष्ठी र शैक्षिक भ्रमणको व्यवस्था गरिनुपर्ने ।
- सरोकारवालाहरूलाई विद्यालयका गतिविधिमा आमन्त्रण गरी उनीहरूलाई काम र जिम्मेवारी दिइनुपर्ने ।
- सामूहिक रूपमा काम गर्ने परिपाटी/संस्कृतिको विकास गर्नुपर्ने ।
- विभिन्न स्थानीय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूलाई शिक्षामा लगानी गर्न अभिप्रेरित गर्नुपर्ने ।

- विद्यालयलाई थप स्रोतहरू उपलब्ध गराउनुपर्ने ।
- विद्यालय सुधार योजनालाई लैङ्गिक कुराहरूमा संवेदनशील बनाइनुपर्ने ।
- लैङ्गिक पक्षलाई विद्यालय सुधार योजनाका सबै दस्तावेज र कार्यक्रमहरूमा समाहित गरिनुपर्ने ।
- विद्यालय सुधार योजनाको तयारी गर्दा स्रोत योजनामा जोड दिनुपर्ने ।
- विद्यालय सुधार योजनाले शिक्षाको प्रतिफलमा बढी जोड दिनुपर्ने ।
- विद्यालयको मूल्याङ्कन गर्ने उचित परिपाटी र मापन विधिको विकास गरिनुपर्ने ।

# आदिवासी तथा भाषिक अल्पसङ्ख्यक समूहको सिकाइ आवश्यकता

## पृष्ठभूमि

यो अध्ययन नेपालका आदिवासी र अल्पसङ्ख्यक बालबालिकाहरूको सिकाइ आवश्यकतालाई यहाँको शिक्षा प्रणालीले कसरी सम्बोधन गरेको छ भन्ने कुरामा केन्द्रित छ । यो अध्ययन अध्ययनको क्षेत्र, स्थितिको विश्लेषण, पाठ्यक्रम, मातृभाषामा शिक्षण, स्थानीय पाठ्यक्रम र कक्षाकोठाभित्रका शिक्षण-सिकाइ प्रक्रिया जस्ता प्रावधानहरूबाट सिकाइ आवश्यकताको परिपूर्ति कत्तिको हुनसकेको छ भनेर गरिएको लेखाजोखामा सीमित छ ।

## उद्देश्यका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित छन् –

- समुदायका मानिसहरूको 'जीवनोपयोगी सीप शिक्षा' सम्बन्धी बुझाइ र विद्यालय तथा अन्य शैक्षिक प्रावधानहरूबाट उनीहरूले राखेका अपेक्षा पत्ता लगाउनु,
- आदिवासी र भाषिक अल्पसङ्ख्यक बालबालिकाहरूको सिकाइ आवश्यकतालाई वर्तमान शिक्षा प्रणालीले कसरी सम्बोधन गरेको छ भनी निरूपण गर्नु,
- वर्तमान शैक्षिक प्रावधानहरूको लेखाजोखा गर्नु र तिनीहरूको प्रभावकारिताको विश्लेषण गर्नु,
- सिकाइ आवश्यकता परिपूर्तिसम्बन्धी चुनौती र सवालहरू पत्ता लगाउनु ।

## अध्ययन विधि

अध्ययनले चितवन, रसुवा र मोरङ जिल्लाका एक-एक ओटा विद्यालय र ती विद्यालयसँग सम्बन्धित समुदायहरूलाई समेटेको छ । चितवनमा बोटे जाति, रसुवामा तामाङ जाति र मोरङमा सन्थाल जातिलाई अध्ययनको केन्द्रबिन्दु बनाइएको छ । सङ्कलित सूचना र आँकडाहरू दस्तावेजको समीक्षा अध्ययन र स्थलगत भ्रमणबाट प्राप्त भएका हुन् र यिनको विश्लेषण मूलतः गुणात्मक (Qualitative) आधारमा गरिएको छ ।

## मुख्य प्राप्तिहरू

अध्ययनका प्राप्तिहरू सिकाइ आवश्यकता र जीवनोपयोगी सीपसम्बन्धी अवधारणा, अभिभावकहरूको अपेक्षा र बालबालिकाहरूको सिकाइ आवश्यकतालाई शिक्षा प्रणालीले गरेको सम्बोधनसँग सम्बन्धित छन् ।

*सिकाइ आवश्यकता र जीवनोपयोगी सीपसम्बन्धी अवधारणा*

नेपालमा लागू गरिएको सबैका लागि शिक्षा कार्यक्रमसम्बन्धी दस्तावेजले डकार सम्मेलनद्वारा प्रतिपादित कार्यनीतिक रूपरेखामा उल्लिखित सिकाइ आवश्यकताका दुई अवयवहरू - सिकाइका साधनहरू र सिकाइका विषयवस्तुहरूलाई अङ्गीकार गरेको पाइन्छ र यी अवयवहरू दस्तावेजमा राम्ररी प्रतिबिम्बित पनि भएका छन् । सबैका लागि शिक्षासम्बन्धी विषयगत प्रतिवेदनले नेपालको सन्दर्भमा जीवनोपयोगी सीपलाई रोजगारी र आर्जन क्षमताजस्ता जीवनयापन गर्ने सीपसँग जोडेर हेरेको देखिन्छ । जीवनयापन गर्ने सीपबाहेक सार्वभौम सीपहरू र हस्तान्तरणीय सीपहरूसमेत नेपालको परिवेशमा सान्दर्भिक रहेको कुरा अभिव्यक्त भएका छन् । पाठ्यक्रम विकास केन्द्रले जीवनोपयोगी सीपलाई स्वास्थ्य शिक्षा विषयमा समावेश गरेको छ भने शैक्षिक जनशक्ति विकास केन्द्रले यससम्बन्धी तालिमको क्षेत्रमा काम गरिरहेको छ । तर जीवनोपयोगी सीप विषयवस्तुविशेषसँग सम्बन्धित हो या प्रक्रियागत कुरा हो भन्ने विवाद यथावत् नै छ ।

*शैक्षिक प्रावधानहरूबाट अभिभावकको अपेक्षा*

अभिभावक, समुदायका अन्य सदस्य, स्थानीय अगुवा र शिक्षा क्षेत्रमा कार्यरत व्यक्तिहरूसँग गरिएको औपचारिक र अनौपचारिक कुराकानीहरूले अभिभावकहरूले विद्यालय र विद्यमान अन्य शैक्षिक प्रावधानहरूबाट राखेका अपेक्षाहरूलाई केही प्रस्ट्याएका छन् । अभिव्यक्त अपेक्षाहरू सामान्य खालका देखिन्छन्, जस्तै - बालबालिकाहरू साक्षर हुनेछन्, उनीहरू बाह्य परिवेश र ठूलो जनसमूहसँग जोडिने छन्, सूचना आदान-प्रदान गर्न सक्नेछन्, उनीहरूको भविष्यका अवसरहरूको बाटो खुल्नेछ, आय आर्जन गर्न सक्ने हुनेछन् इत्यादि । यी भनाइहरू सामान्य देखिए तापनि सामाजिक र व्यक्तिगत आवश्यकताको बोध गराउने किसिमको हुनाले पाठ्यक्रम विकासका लागि मार्गनिर्देशक सिद्धान्तका रूपमा रहेका छन् । नयाँ पाठ्यक्रमको विकास वा पाठ्यक्रम संशोधन गर्दा पाठ्यक्रम विकास केन्द्रले सामाजिक र व्यक्तिगत आवश्यकताहरूलाई पहिल्याउने गरेको पाइयो । यसका निम्ति पाठ्यक्रम विकास केन्द्रले तल्लो तहमा समेत कार्यशाला र छलफल सत्रको सञ्चालन गर्ने, समाजका विभिन्न तप्काहरूबाट टिप्पणी र सल्लाह सङ्कलन गर्ने, पाठ्यक्रम र पाठ्यक्रम सामग्रीहरूको पूर्वपरीक्षण गर्ने जस्ता प्रक्रियाहरू अवलम्बन गरेको पाइयो । पाठ्यक्रमले दस्तावेजका रूपमा अभिभावकहरूका अधिकांश अपेक्षाहरूलाई सम्बोधन गरेको देखिन्छ । वि.सं. २०६० मा भएको प्राथमिक तहको पाठ्यक्रम संशोधनले निम्नकुराहरूमा ध्यान दिएको पाइन्छ –

- विषयवस्तुको भार कम गर्ने उद्देश्यले पाठ्यक्रममा कटौती
- शिक्षण विधि र मूल्याङ्कन विधिसम्बन्धी मार्ग निर्देशन
- स्थानीय पाठ्यक्रमलाई स्थान दिइनु
- हरेक बालबालिकाको आवश्यकता पहिल्याउन कक्षाकोठाभित्र शिक्षण माध्यमका रूपमा मातृभाषा र बहुभाषाको प्रयोगको प्रावधान
- जीवनोपयोगी सीपको समावेश र सोसम्बन्धमा मार्ग निर्देशन
- कक्षाकोठाभित्रको शिक्षण/सिकाइमा बालकेन्द्रित विधिको प्रयोगमा जोड

*बालबालिकाहरूको सिकाइ आवश्यकताप्रति शिक्षा प्रणालीले गरेको सम्बोधन*

शिक्षण माध्यमका रूपमा मातृभाषाको प्रयोग, स्थानीय पाठ्यक्रम र कक्षाकोठाभित्रको प्रक्रिया - यी तीन पक्षलाई यस अध्ययनले बालबालिकाहरूको सिकाइ आवश्यकताप्रतिको शैक्षिक सम्बोधनका रूपमा समेटेको छ । यी तीन पक्षसँग सम्बन्धित प्राप्तिहरू तलका अनुच्छेदहरूमा प्रस्तुत गरिएका छन् -

***मातृभाषाको प्रयोग :*** प्राथमिक तहमा शिक्षण माध्यमका रूपमा मातृभाषाको प्रयोग राजनीतिक, भावनात्मक र शिक्षण विधिका रूपमा सही पाइए तापनि यससम्बन्धी थुप्रै व्यावहारिक सवालहरू स्थलगत अध्ययनका क्रममा उठे । अवलोकन गरिएका तीनओटा विद्यालय र ती विद्यालयहरूसँग सम्बन्धित समुदायहरूमा छलफल गर्दा बालबालिकाले नेपालीमा भनेका कुरा नबुझेको खण्डमा उनीहरूको सिकाइलाई टेवा पुऱ्याउने उद्देश्यले कक्षाकोठाभित्रको शिक्षण सिकाइमा मातृभाषाको प्रयोग गर्नुपर्ने कुरामा एकप्रकारको समान विचार देखियो । मातृभाषामा लेखिएको पाठ्यपुस्तकको प्रयोग र मातृभाषामा मात्र शिक्षण गर्ने कुरामा भने विमति देखियो । उनीहरूले नेपाली भाषालाई प्राथमिकता दिनुको पछाडि निम्न कारणहरू रहेको पाइयो -

- यसले शहिरी परिवेशमा भिजाउँछ । नेपाली भाषालाई आफ्नो समुदायभन्दा बाहिरको परिवेशमा सम्पर्क भाषाका रूपमा प्रयोग गर्न सकिन्छ ।
- बालबालिकाहरूले मातृभाषा घरमै सिक्ने हुँदा विद्यालयमा मातृभाषा सिकाउनु विद्यालयको समय खेर फाल्नु हो ।
- शुरुदेखिनै नेपाली भाषा सिकाउँदा सानै कक्षामा विद्यालय छाड्ने बालबालिकालाई समेत सहयोग पुग्न सक्दछ ।

मातृभाषामा शिक्षण गर्ने सम्बन्धमा अन्य व्यावहारिक सवालहरूसमेत देखिए, जस्तै - एउटै भाषाअन्तर्गत विभिन्न भाषिकाहरू हुनु - उदाहरणका लागि थारु र तामाङ भाषालाई लिन सकिन्छ । साथै बालबालिकाको सिकाइ र भाषाको पठनपाठनलाई फरक रूपले हेर्ने गरेको पाइएन ।

*स्थानीय पाठ्यक्रम :* रसुवाका पाँचओटा विद्यालयहरूमा स्थानीय पाठ्यक्रम परीक्षणका रूपमा लागू गरिएको छ । तीन विद्यालयमा 'आलु खेती' विषयक पाठ्यक्रम र दुई विद्यालयमा 'नेपाली भाषा' विषयक पाठ्यक्रम प्रयोगमा ल्याइएका छन् । तर स्थानीय पाठ्यक्रमको शिक्षण/सिकाइसमेत अन्य विषयमा हुने शिक्षण सिकाइसरह नै भएको पाइयो, जस्तै - शिक्षक-केन्द्रित शिक्षण, कण्ठ गराउने, शिक्षकले भनेको दोहोऱ्याउने इत्यादि । 'नेपाली भाषा' विषयक स्थानीय पाठ्यक्रमको पठनपाठनका लागि काठमाडौं स्थित निजी प्रकाशनद्वारा प्रकाशित पाठ्यपुस्तक प्रयोगमा ल्याएको पाइयो ।

*कक्षाकोठाभित्रको प्रक्रिया :* विद्यार्थी-केन्द्रित र व्यक्तिगत शिक्षण दूरदृष्टि (Vision) का रूपमा रहे तापनि सामूहिक (Whole class) शिक्षण र पढाइमा कमजोर बालबालिका सधैँ कमजोर नै रहने वर्तमान शैक्षिक वास्तविकता हो । एउटा मात्र भाषा, एउटा मात्र सत्र/पाठ, उही सामग्री प्रयोग गर्ने गरिएका छ भने उही विधि (प्रायः प्रवचन, शिक्षकले पाठ पढ्दै दोहोऱ्याउँदै गर्ने) कक्षाकोठाभित्रको शिक्षणमा प्रयोग भएको पाइयो । शिक्षणको आधार पाठ्यक्रम नभई पाठ्यपुस्तक भएको हुँदा पाठ्यक्रमले जे खोजेको भए तापनि पाठ्यपुस्तकमा जे छ त्यो मात्र सिकाउने गरेको पाइयो ।

## सुझावहरू

उपर्युक्त प्राप्तिहरूका आधारमा प्रस्तुत सुझावहरू निम्नानुसार छन् -

*शिक्षण माध्यमका रूपमा मातृभाषा :* वैचारिक र विधिका रूपमा सही भए तापनि अध्ययनमा मातृभाषामा शिक्षण गर्ने कुरामा व्यावहारिक समस्याहरू रहेको पाइयो । अतः शिक्षणको माध्यमका सम्बन्धमा अझ बढी केन्द्रित एउटा अध्ययन सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ । शिक्षणको माध्यमका रूपमा मातृभाषाका फाइदाका बारेमा अभिभावकहरूलाई अवगत गराउन कार्यक्रम ल्याउनु उपयोगी हुनेछ ।

*जीवनोपयोगी शिक्षा :* जीवनोपयोगी शिक्षालाई पाठ्यक्रममा सम्बोधन गरेर पाठ्यक्रम विकास केन्द्रले उपयुक्त थालनी गरेको छ । पाठ्यक्रम विकास केन्द्रले देखाएका कमीकमजोरीहरूलाई खुला रूपमा स्वीकार्नु र सुधारका लागि अग्रगामी कदम चाल्नु आवश्यक छ । साथै अनुगमन र सबलीकरणको प्रयास अपरिहार्य छ । जीवनोपयोगी सीप शिक्षाका लागि शिक्षक तयार गर्ने अभिभारा बोकेको शैक्षिक जनशक्ति विकास केन्द्रलाई पनि उपर्युक्त कुरा समान रूपमा लागू हुन्छ । जीवनोपयोगी सीप शिक्षाको सन्दर्भमा कक्षाकोठाभित्रको प्रक्रिया र शिक्षक तयार गर्ने कार्यले ज्ञानको थुप्रो लगाउनेभन्दा व्यवहारमा परिवर्तन गर्ने कुरामा जोड दिनुपर्दछ ।

*स्थानीय पाठ्यक्रम :* शिक्षार्थीहरूको हितका लागि पाठ्यक्रम विकास केन्द्रले शुरु गरेको अर्को उल्लेखनीय विषय हो स्थानीय पाठ्यक्रम । यो नजिकबाट अनुगमन गर्नुपर्ने र सबलीकरण गर्नुपर्ने पक्ष पनि हो । स्थानीय पाठ्यक्रमलाई बढीभन्दा बढी प्रकारका विषयवस्तु समेट्ने खालको बनाउनु र यसमा महत्वपूर्ण (frontline) विधिको अवलम्बन गर्नु आवश्यक देखिन्छ ।

*बाल-केन्द्रित शिक्षा ( वैचारिक स्पष्टता र कार्यान्वयन रणनीति :* बालबालिकाहरूको सिकाइ अभिवृद्धिका लागि जीवनोपयोगी सीप शिक्षा, स्थानीय पाठ्यक्रम र मातृभाषामा शिक्षण कार्यको सफल कार्यान्वयनका लागि कक्षाकोठाभित्रको प्रक्रिया निश्चय पनि महत्त्वपूर्ण हुन्छ । यी कुराहरूलाई बाल-केन्द्रित विधिद्वारा पनि राम्रोसँग सम्बोधन गर्न सकिन्छ । तर यसको कार्यान्वयनसम्बन्धी रणनीति तर्जुमा गर्न बाल-केन्द्रित विधिको अवधारणा स्पष्ट पार्नु जरुरी छ । यसका लागि नेपालका प्राथमिक विद्यालयका कक्षाकोठालाई केन्द्रबिन्दु बनाई बाल-केन्द्रित विधिको परिकल्पना गरिनुपर्दछ ।

यसका लागि निम्नलिखित कुराहरू आवश्यक छन् –

- बाल-केन्द्रित विधिबाट हामीले के हासिल गर्न खोजेका छौँ त्यो स्थापित गर्न वैचारिक एवं सैद्धान्तिक स्पष्टतामा जोड दिने ।
- विद्यमान अवस्थामा बाल-केन्द्रित विधि प्रयोगमा ल्याउन सकिने सम्भाव्यताको लेखाजोखा गर्ने । थप सहायताहरू आवश्यक छन् कि ? खुट्याउने ।
- बाल-केन्द्रित विधि उपयोगमा ल्याउन लाग्न सक्ने समयावधि तयार पार्ने र समयबद्ध रूपमा त्यसको अनुसरण गर्ने ।
- पूर्ण रूपमा बाल-केन्द्रित शिक्षा अपनाउने बिन्दुमा पुग्न विभिन्न चरणहरूको कार्ययोजना बनाउने । त्यस्तो कार्ययोजनाले बाल-केन्द्रित विधिका लागि वर्तमानमा उपलब्ध अवस्था, निकट भविष्यमा उपलब्ध हुने सुविधा/सहयोग र दूर भविष्यमा मात्र गर्न सकिने क्रियाकलापहरू स्पष्ट पारेको हुनुपर्दछ ।
- बाल-केन्द्रित शिक्षामा केन्द्रीभूत हुने गरी पाठ्यक्रम, पाठ्यक्रम सामग्री, शिक्षक तालिम, निरन्तर मूल्याङ्कन पद्धति (CAS समेत) आदिलाई सुदृढ र प्रभावकारी तुल्याउने ।
- बाल-केन्द्रित शिक्षा अपनाउन आवश्यक पर्ने सीपहरू निक्यौल गरी तदनुरूप शिक्षकहरूलाई तयार गर्ने ।
- उपयुक्त कक्षाकोठा वातावरण निर्माण गर्ने, जस्तै - उचित कक्षा आकार, शिक्षक कार्यभार, प्रदर्शन (Display), आवश्यक सामग्रीको उपलब्धता, बसाइ तरिका, सिकाइ कुना, उपयुक्त फर्निचर आदि ।
- अभिभावक, समुदाय र सम्बन्धित सरोकारवालाहरूलाई जागरूक पार्ने, जसले गर्दा बाल-केन्द्रित विधिलाई सहजै ग्रहण गर्ने र त्यसलाई सहयोग पुऱ्याउने अवस्थाको सिर्जना हुन सकोस् ।

यसका लागि सम्भव भएसम्म अन्तर्राष्ट्रिय स्तरको सहभागितामा एउटा कार्यशाला गरेर नेपालको परिप्रेक्ष्यमा बाल-केन्द्रित शिक्षाका बारेमा छलफल र योजना निर्माण गर्न यो अध्ययन सुझाव गर्दछ ।

# एकमुष्ठ अनुदान वितरण व्यवस्था

## पृष्ठभूमि

सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) का प्रमुख कार्यक्रमहरूमध्ये विद्यालयलाई अनुदान वितरण गर्नु पनि एक हो । शिक्षा मन्त्रालयले विगत धेरै वर्षदेखि प्राथमिक विद्यालयका शिक्षकहरू ( कोटा अनुसार) को तलब खर्चका निम्ति अनुदान दिँदै आएको छ । साथै छात्राहरू एवं दलित विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउन पनि विद्यालयलाई अनुदान दिँदै आएको छ । २०६१/०६२ देखि एक विस्तृत अनुदान प्रणाली शुरु गरिएको छ । यसअन्तर्गत सशर्त अनुदान (Earmarked Grants), एकमुष्ठ अनुदान (Block Grants) र कार्यसम्पादनमा आधारित अनुदान (Performance Grants) को व्यवस्था गरिएको छ ।

## अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित छन् -

- अनुदान व्यवस्था (खासगरी एकमुष्ठ अनुदान व्यवस्था) कार्यान्वयन गर्दा महसुस गरिएका समस्याहरू पत्ता लगाउनु,
- अनुदान प्रणालीका सबल र दुर्बल पक्षहरूको पहिचान गर्नु,
- अनुदान प्रणालीको सफल कार्यान्वयनका निम्ति सुझाव दिनु ।

## अध्ययन विधि

अध्ययनका क्रममा निम्नलिखित प्रक्रिया अवलम्बन गरिएको थियो -

- शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभागका सम्बन्धित पदाधिकारी र विशेषज्ञहरूसँग छलफल ।
- विद्यालय अनुदान सञ्चालन निर्देशिका तथा अन्य सम्बन्धित प्रकाशनहरूको पुनरावलोकन ।
- काभ्रे, चितवन र कास्की जिल्लाका तीन-तीनओटा विद्यालयमा स्थलगत अध्ययन ।

## मुख्य प्राप्तिहरू

हाल लागू गरिएको विद्यालय अनुदान निम्नप्रकार छन् -

*सशर्त अनुदान*

यसअन्तर्गत शिक्षक तलब, छात्रवृत्ति रकम, प्राथमिक बाल विकास (ECD) र वैकल्पिक शिक्षाको निम्ति अनुदान रकम रहेका छन् ।

*एकमुष्ठ अनुदान*

यसअन्तर्गत प्रशासनिक र मसलन्द खर्च, समुदायद्वारा सञ्चालित विद्यालयका निम्ति शिक्षक तलब बराबरको अनुदान - दुई शिक्षकको तलब बराबरको रकम (अधिकतममा), प्रति विद्यार्थी रू. १००/- का दरले दिइने शैक्षिक सामग्री अनुदान, विद्यालय सुधार योजना कार्यान्वयन गर्न प्रति विद्यार्थीको हिसाबले दिइने अनुदान रहेका छन् ।

*कार्यसम्पादनमा आधारित अनुदान (प्रोत्साहन अनुदान)*

यसअन्तर्गत प्राथमिक तहको शिक्षामा उच्च स्थायित्व दर (Survival rate) हासिल गर्न सक्षम विद्यालयलाई पुरस्कार, बढी छात्रा भर्ना गराएबापत पुरस्कार, एस.एल.सी. उच्च उत्तीर्ण प्रतिशत हासिल गरेबापत पुरस्कार, समुदायलाई हस्तान्तरण गरिएको विद्यालयलाई एकमुष्ठ अनुदान आदि रहेका छन् ।

एकमुष्ठ अनुदान (Block Grant) अन्तर्गत तलका तीन अनुदानहरू प्रमुख छन् -

- समुदायद्वारा व्यवस्थापन गरिएका सार्वजनिक विद्यालयका लागि थप शिक्षक अनुदान
- प्राथमिक तहका लागि शैक्षिक सामग्री अनुदान
- विद्यालय सुधार योजना कार्यान्वयनका निम्ति अनुदान

*अनुदान वितरण प्रक्रिया*

केन्द्रीय स्तरमा शिक्षा तथा खेलकुद मन्त्रालय/शिक्षा विभागले सबैका लागि शिक्षा कार्यक्रममा आधारित भई बजेट र कार्यक्रम तयार गर्दछ, जसलाई अर्थ मन्त्रालयको वार्षिक बजेटमा समावेश गरिन्छ । शिक्षा विभागले प्रत्येक जिल्लाको जिल्लागत बजेट तयार गर्दछ । यसमा विद्यालय अनुदान ( एकमुष्ठ अनुदानसमेत) समावेश गरिएको हुन्छ । जिल्ला स्तरमा प्रत्येक विद्यालयले आफ्नो अद्यावधिक शैक्षिक तथ्याङ्कसहित आफ्ना आवश्यकताहरू जिल्ला शिक्षा कार्यालयमा प्रस्तुत गर्दछ । जिल्ला शिक्षा कार्यालयले जिल्लाको EFA Budget/Program मा आधारित भई विद्यालयहरूका निम्ति विभिन्न अनुदान शीर्षकहरूमा रकम निर्धारित गर्दछ । यसैलाई आधार मानेर रकम निकासाको व्यवस्था गर्दछ ।

रकम निकासा गर्न जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय (को.ले.नि.का.) को अनुमतिको आवश्यकता पर्दछ । को.ले.नि.का. ले स्वीकृत कार्यक्रम भए/नभएको, केन्द्रीय स्तरको को.ले.नि.का.बाट अख्तियारी (पत्र) आए/नआएको हेरेर पहिलेको चौमासिक खर्चसम्बन्धी प्रगतिलाईसमेत ध्यानमा राखी रकम निकासा गर्दछ ।

रकम निकासाको महत्त्वपूर्ण पक्ष खर्च गर्ने अख्तियारी हो । शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा विभागलाई, अनि शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयलाई खर्च गर्ने अख्तियारी दिन्छ । यो अख्तियारी स्वीकृत बजेट/कार्यक्रममा आधारित हुन्छ । त्यस्तै, अर्थ मन्त्रालयअन्तर्गत रहेको केन्द्रस्थित को.ले.नि.का.ले जिल्ला तहको को.ले.नि.का.लाई खर्चको अख्तियारी दिन्छ । EFA कार्यक्रम वैदेशिक सहायतामा सञ्चालित कार्यक्रम भएको हुनाले केन्द्रको को.ले.नि.का.ले वैदेशिक सहायता रकम (Foreign aid) प्राप्त भए/नभएको पनि हेर्दछ । वैदेशिक सहायता रकमको प्रवाह (Flow) मा अवरोध आएमा अनुदान रकमको निकासामा व्यवधान पर्न सक्दछ ।

विद्यालयहरूले विभिन्न शीर्षकहरूमा अनुदान प्राप्त गर्न प्रत्येक वर्ष विभिन्न जानकारीहरू र प्रतिवेदनहरू जिल्ला शिक्षा कार्यालयमा बुझाउनुपर्दछ । शैक्षिक तथ्याङ्क ज्येष्ठ ७ गतेभित्र स्रोतव्यक्तिबाट प्रमाणित गराई प्रस्तुत गर्नुपर्दछ । विद्यालय सुधार योजना, स्रोतव्यक्तिको अनुमोदनसहित जिल्ला शिक्षा कार्यालयमा पठाउनुपर्दछ । साथै अघिल्लो वर्षको अनुदान रकमबाट भएको खर्चको वित्तीय र सामाजिक लेखा प्रतिवेदन एवं विद्यालयको वार्षिक प्रगति विवरण प्रस्तुत गर्नुपर्दछ ।

सैद्धान्तिक रूपमा विद्यालयको विद्यार्थी सङ्ख्याका आधारमा शैक्षिक सामग्री अनुदान र विद्यालय सुधार योजना कार्यान्वयनको अनुदान रकम विद्यालयलाई उपलब्ध गराइने व्यवस्था छ । तर EFA Budget (सम्बन्धित जिल्लाको) र केन्द्र (शिक्षा विभाग) बाट प्राप्त हुने निकासालाई पनि ध्यानमा राखी जि.शि.का.ले निकासा दिने गर्दछ ।

*हालसम्मको कार्यान्वयन स्थिति*

अध्ययनको सिलसिलामा ३ जिल्लाहरू (काभ्रे, कास्की र चितवन) को EFA Budget/Program को अध्ययन गर्दा सशर्त अनुदानमध्ये अनुदान, पाठ्यपुस्तक अनुदान, तलब अनुदान र छात्रा छात्रवृत्ति अनुदान, दलित छात्रवृत्ति अनुदान, बूस्टर छात्रवृत्ति र वैकल्पिक शिक्षा व्यवस्था अनुदान उपलब्ध गराइएको देखिन्छ । विद्यालय अनुदान कार्यान्वयन निर्देशिका २०६१ मा उल्लिखित कतिपय छात्रवृत्ति स्कीमहरू लागू गर्न सकिएका छैनन् ।

एकमुष्ठ अनुदानहरूमध्ये प्रशासकीय, मसलन्द खर्च अनुदान, समुदायले चलाएको विद्यालयका निम्ति शिक्षक तलब अनुदान, शैक्षिक सामग्री अनुदान, प्रतिविद्यालय अनुदान, बुक कर्नर (Book corner) अनुदान र विद्यालय सुधार योजना कार्यान्वयन अनुदान उपलब्ध गराइएको छ ।

प्रोत्साहन अनुदानहरूमध्ये उच्च स्थायित्व दर हासिल गर्ने विद्यालयहरूलाई र उच्च छात्रा प्रतिशत प्राप्त गर्ने विद्यालयहरूलाई पुरस्कार तथा व्यवस्थापन हस्तान्तरण भएका विद्यालयलाई एकमुष्ठ अनुदान लागू गरिएको छ । अन्य विभिन्न प्रोत्साहन अनुदानहरू लागू गर्न सकिएको छैन । तीमध्ये धेरैजसो अनुदानको निम्ति जटिल तथ्याङ्कीय विश्लेषणको आवश्यकता पर्दछ । साथै विद्यालयहरूको स्तर निर्धारण (Accreditation) गरी माथिल्लो वर्गलाई बढी विद्यालय सुधार योजना अनुदान दिने भन्ने प्रावधान भने लागू भइसकेको छैन ।

*विद्यालय अनुदान कार्यान्वयन निर्देशिकाबारे जानकारी*

एकमुष्ठ अनुदानसमेत सम्पूर्ण अनुदान व्यवस्थालाई निर्देशित गर्ने उद्देश्यले तयार गरिएको शिक्षा विभागको निर्देशिकाका बारेमा जिल्ला तहमा शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई कम मात्र जानकारी भएको देखिएको छ । निर्देशिका विद्यालयहरूमा उपलब्ध छैन । प्रधानाध्यापकलाई स्रोतकेन्द्रहरूमा विद्यालय सुधार योजनासम्बन्धी तालिम दिँदा यस निर्देशिकाका मुख्य विषयवस्तुहरू बारे जानकारी दिइएको थियो । केही शिक्षकहरूले शिक्षा विभागका प्रकाशनहरूबाट केही जानकारी पाएको कुरा बताए ।

*विद्यालयलाई अनुदान रकमको निकासा*

वैशाख/ज्येष्ठसम्ममा आर्थिक वर्ष २०६१/०६२ मा विद्यालयहरूको बैङ्क खातामा उल्लिखित अनुदान रकम जम्मा भइसकेको कुरा अध्ययनमा समावेश सबै विद्यालयका प्रधानाध्यापकहरूले बताए । प्रथम चौमासिक निकासा हुनुपर्ने रकम, जस्तै - शैक्षिक सामग्री अनुदान, तेस्रो चौमासिकमा मात्र निकासा भयो । कुनै-कुनै रकम ठीक समयमा निकासा भएको छ, जस्तै - पाठ्यपुस्तक रकम चैत्र/वैशाख ( तेस्रो चौमासिकका अघिल्ला महिनाहरू) मा निकासा भयो । तलब रकम जिल्ला विकास समिति र नगरपालिका (धुलिखेल) बाट ढिलो निकासा भएको भन्ने विद्यालयहरूको गुनासो छ । साथै, सीधै जिल्ला शिक्षा कार्यालयबाट निकासाको व्यवस्था भएमा निकासा चाँडै हुने आशा विद्यालयहरूले राखेका छन् । यस सम्बन्धमा तलब रकम माग गर्ने निकाय (जिल्ला विकास समिति) र जिल्ला शिक्षा कार्यालय ( निम्न-माध्यमिक र माध्यमिक शिक्षक तलब सम्बन्धमा) बाट ढिलो गरी माग गरिने कुरा जिल्ला को.ले.नि.का.ले बताएका थिए ।

*अनुदान रकम प्रयोग बारे निर्देशन*

विद्यालयहरूले प्राप्त अनुदानको प्रयोगबारे जिल्ला शिक्षा कार्यालयबाट स्पष्ट निर्देशन प्राप्त नभएको कुरा उल्लेख गरेका छन् । अनुदानको शीर्षकले अनुदानको प्रयोगको क्षेत्रबारे जानकारी दिन्छ । विद्यालयहरू थप जानकारी चाहन्छन् । उदाहरणका निम्ति बुक कर्नरको रकम केमा खर्च गर्ने ? प्रतिविद्यालय रू. ३,०००।– को रकम के काममा खर्च गर्ने ? शैक्षिक सामग्री अनुदान कुन-कुन सामग्री किन्नमा खर्च गर्ने ? आदि कुरामा विद्यालयहरू थप जानकारी चाहन्छन् । विद्यालयलाई दिइने विभिन्न अनुदान रकम विद्यालय व्यवस्थापन समितिले निर्णय गरेबमोजिम खर्च गर्ने कुरा विद्यालय अनुदान कार्यान्वयन निर्देशिका २०६१ मा उल्लेख भएको छ । यसकारण जि.शि.का.बाट विस्तृत निर्देशन प्राप्त नभए तापनि

विद्यालय आफैले निर्णय गरी खर्च गर्न सक्ने व्यवस्था रहेको छ । यस्तो व्यवस्था भए पनि जि.शि.का.का निर्देशनहरू (Guidelines) उपलब्ध गराइएमा अनुदान रकमको प्रयोगमा शीघ्रता आउनेछ । यस्तै निर्देशिका र अनुदान निकासासम्बन्धी आधिकारिक पत्रहरू साथै पठाइनु पर्दछ ।

*विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई अनुदानबारे जानकारी*

विद्यालयहरूलाई उपलब्ध गराइएको अनुदान रकमबारे विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई कम जानकारी भएको पाइयो । एकमुष्ठ अनुदान रकमको प्रयोगका सम्बन्धमा व्यवस्थापन समितिका सदस्यहरूलाई प्राप्त अनुदानबारे जानकारी हुनु अति आवश्यक छ । विभिन्न विद्यालयका व्यवस्थापन समितिका सदस्यहरूसँगको छलफलबाट अनुदान रकमको प्रयोगका सम्बन्धमा समितिका अधिकारहरूबारे पनि कम जानकारी भएको देखियो ।

*अनुदान रकमको प्रयोगबारे अनुगमन*

एकमुष्ठ अनुदानसहित अन्य अनुदानहरूको प्रयोगका सम्बन्धमा जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रहरूबाट हुनुपर्ने अनुगमनको अभाव रहेको देखिन्छ । शैक्षिक सामग्री अनुदान, विद्यालय सुधार योजना कार्यान्वयन प्रमुख एकमुष्ठ अनुदानहरूको प्रयोग नहुनाका कारणहरूमध्ये एउटा कारण अनुगमनको अभाव हो । यस सम्बन्धमा "विद्यालय अनुदान कार्यान्वयन निर्देशिका, २०६१" मा जिल्ला शिक्षा कार्यालयको भूमिका यसप्रकार प्रस्तुत गरिएको छ -

- विद्यालयमा निकासा भएको अनुदानको प्रयोगका सम्बन्धमा अनुगमन गर्ने ।
- विद्यालय व्यवस्थापन समितिले प्राप्त गरेको अनुदानको सही उपयोग गरी विद्यालयको शैक्षिक उपलब्धि हासिल गर्ने र विद्यालय मूल्याङ्कन समिति (Accreditation committee) को कार्य प्रक्रियामा आवश्यक सहयोग उपलब्ध गराउने (परिच्छेद ६, विद्यालय अनुदान कार्यान्वयन निर्देशिका, २०६१) ।

स्थलगत सर्वेक्षणका सिलसिलामा जिल्ला शिक्षा कार्यालयका अधिकृतहरूसँगको छलफलबाट निम्न सुझावहरू प्राप्त भएका छन् -

- अनुगमन कार्यका निम्ति जि.शि.का.हरूमा स्रोतको अभाव छ, जस्तै - भ्रमणको निम्ति साधन र इन्धनको खर्च गर्ने स्रोतको अभाव ।
- अनुगमन कार्य स्रोतकेन्द्र र स्रोतव्यक्तिबाट हुनुपर्ने ।
- हालकै व्यवस्थाअन्तर्गत पनि केही अनुगमन कार्य सम्भव छ, जस्तै - स्रोतकेन्द्रमा प्रधानाध्यापकका बैठकहरू र जि.शि.का.मा स्रोतव्यक्तिका बैठकहरूमार्फत अनुदान रकम प्रयोग गर्नेबारे लिखित जानकारी लिन सकिन्छ ।

*विद्यालय सुधार योजनाको कार्यान्वयन*

सर्वेक्षणमा सम्मिलित सबै विद्यालयहरूले प्राथमिक शिक्षातर्फ पञ्चवर्षीय विद्यालय सुधार योजना २०६१-६६ तयार गरेका छन् । कुनै विद्यालयका योजना दस्तावेज विस्तृत छन् । अधिकांश विद्यालयका दस्तावेजमा विद्यालय स्वरूप (Profile) विस्तृत रूपमा दिइएका छन् । विद्यालय सुधार योजनामा सम्मिलित भावी कार्यक्रमहरूको छोटो विवरण दिइएको छ । योजना कार्यान्वयनका निम्ति उक्त दस्तावेजमा उल्लिखित कार्यक्रमहरू अझै विस्तृत गर्नु (उद्देश्य, क्रियाकलापहरू, लाग्ने खर्च आदिको किटान) आवश्यक छ ।

निम्न-माध्यमिक र माध्यमिक तहका कक्षा सञ्चालन गर्ने विद्यालयहरूलाई माध्यमिक शिक्षा सहयोग कार्यक्रमअन्तर्गत विद्यालय सुधार योजना (निम्न-माध्यमिक र माध्यमिक तहको) कार्यान्वयनका निम्ति रकम उपलब्ध गराइएको छ । तर हालसम्म सर्वेक्षणमा सम्मिलित नि.मा.वि., मा.वि.हरू कुनैले पनि यस्ता दस्तावेज (SIP document) तयार गरेका छैनन् ।

*विद्यालय अनुदान (एकमुष्ठ अनुदान) व्यवस्थाका सबल पक्ष र दुर्बल पक्ष*

**सबल पक्ष :** यस अनुदान व्यवस्थाले सार्वजनिक विद्यालयको शैक्षिक स्तरमा निम्नप्रकारले सुधार ल्याउने आशा गरिएको छ -

- एकमुष्ठ अनुदान प्रणाली लागू हुनुअघि विद्यालयहरूलाई मुख्यतया तलब रकममात्र उपलब्ध गराइन्थ्यो भने अब गुणस्तर माथि उठाउन र शैक्षिक सामग्रीको व्यवस्था गर्न थप अनुदान रकमको व्यवस्था गरिएको छ ।
- विद्यालयहरूले अब विद्यालय सुधार योजनामार्फत् समस्याहरूको राम्रो पहिचान गरी भविष्यमा गर्नुपर्ने सुधार कार्यक्रमहरू कार्यान्वयन गर्ने प्रक्रिया शुरु गरेका छन् र यस्ता योजनाहरू कार्यान्वयन गर्न अनुदान रकम उपलब्ध गराइएको छ ।
- एकमुष्ठ अनुदान प्रणालीमा विद्यालय व्यवस्थापन समितिलाई प्राथमिकता तोक्ने र खर्च गर्ने अधिकार दिइएको छ । साथै अनुदान रकमको सार्वजनिक लेखापरीक्षण गराउने व्यवस्था पनि राखिएको छ ।

**दुर्बल पक्ष :** एकमुष्ठ अनुदानहरूमध्ये शैक्षिक सामग्री अनुदान र विद्यालय सुधार योजना कार्यान्वयन अनुदान प्रतिविद्यार्थी रकमका आधारमा दिने व्यवस्था विद्यालय अनुदान कार्यान्वयन निर्देशिकामा उल्लिखित छ । यसलाई औँल्याएर विभिन्न विद्यालयहरूले आफूलाई प्राप्त अनुदान नपुग भएको र विद्यार्थी सङ्ख्याको आधारमा बढी पाउनुपर्ने दाबी गरेका छन् ।

केन्द्रबाट प्राप्त हुने बजेटका आधारमा विद्यालयहरूलाई अनुदान वितरण गर्नुपर्ने हुँदा विद्यार्थी सङ्ख्याको आधारमा ठीक-ठीक अनुदान रकम विद्यालयलाई वितरण हुन नसक्ने वास्तविकता देखिएको छ । यस कुरालाई विद्यालयहरूले बुझिदिनुपर्दछ । साथै, कतिपय प्रोत्साहन अनुदानहरूका निम्ति जटिल तथ्याङ्कीय विश्लेषण आवश्यक हुन्छ । यो पूरा गर्न जिल्ला शिक्षा कार्यालयहरूलाई धेरै समय र स्रोत लाग्ने हुन्छ ।

## सुझावहरू

- विद्यालय अनुदान व्यवस्थाबारे विद्यालयहरू तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई जानकारी दिनु आवश्यक छ ।
- विभिन्न अनुदानहरूको प्रयोजन र खर्च गर्ने आधारहरूबारे विद्यालयलाई जानकारी दिनुपर्दछ ।
- विद्यालयहरूलाई अनुदान रकम शीघ्र निकासा दिने व्यवस्था हुनुपर्दछ । जिल्लाको सबैका लागि शिक्षा बजेटको चौमासिक निकासा व्यवस्थाअनुसार दिनुपर्दछ ।
- विद्यालयहरूले कसरी र कुन काममा अनुदान रकम प्रयोग गरिआएका छन् भन्ने सम्बन्धमा जिल्ला शिक्षा कार्यालयलाई प्रतिवेदन बुझाउन लगाउनुपर्दछ ।
- विद्यालयलाई उपलब्ध गराइएको अनुदान रकम शीघ्र र प्राथमिकताअनुसारका काममा प्रयोग गर्ने व्यवस्थाका निम्ति विद्यालय व्यवस्थापन समितिको बैठक चाँडै बोलाइनुपर्दछ ।
- विद्यालयहरूले आफ्नो आर्थिक हिसाब राख्ने व्यवस्था बलियो बनाउनुपर्दछ ।
- विद्यालय अनुदानको वितरण र प्रयोगबारे अनुगमन गर्ने कामलाई उच्च प्राथमिकता दिनुपर्दछ । यसका निम्ति जि.शि.का. र स्रोतकेन्द्र तहबाट अनुगमन कार्यहरू सञ्चालन हुनु आवश्यक छ ।
- विद्यालय अनुदान कार्यक्रमको कार्यान्वयन र अनुगमनका निम्ति जिल्ला शिक्षा कार्यालयलाई स्रोत-साधनहरू उपलब्ध गराउनुपर्दछ ।
- विद्यालय तहमा क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । तथ्याङ्क सङ्कलन/विश्लेषण, प्रतिवेदन तयारी, आर्थिक हरहिसाबका विषयहरूमा क्षमता वृद्धि गरिनुपर्दछ ।

- विद्यालयहरूको वर्गीकरणका आधारलाई सरल पारिनुपर्दछ ।

विभिन्न तहबाट गरिनुपर्ने कामहरू सङ्क्षेपमा यसप्रकार छन् -

- शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभाग -
  - विद्यालय अनुदान कार्यान्वयन निर्देशिकालाई सरल गराइ विद्यालयहरूमा यसको व्यापक प्रचार गर्ने ।
  - अनुदानका निम्ति EFA कार्यक्रममा अनुदान रकम निश्चित रूपले समावेश गराउने ।
  - प्राथमिक तह र माध्यमिक तहको एउटै विद्यालय सुधार योजना बनाउन लगाउने ।
  - जिल्ला शिक्षा कार्यालयको क्षमता वृद्धिका निम्ति कार्यक्रमहरू सञ्चालन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय -
  - निर्देशिकाबारे जिल्ला र स्रोतकेन्द्रहरूमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
  - जिल्ला तहको सबैका लागि शिक्षा कार्यक्रमअनुसार आवश्यक रकम शीघ्र निकासा गर्ने ।
  - जिल्ला को.ले.नि.का.मा चौमासिक निकासा (तलब रकम) का निम्ति विलम्ब नगरी अनुरोध पठाउने ।
  - अनुदान रकमको प्रयोगबारे अनुगमन गर्ने ।
  - विद्यालयहरूलाई अनुदान रकम प्रयोग गर्न क्षमतावृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- स्रोतकेन्द्रहरू -
  - निर्देशिकाबारे शिक्षकहरूलाई जानकारी दिने ।
  - विद्यालय सुधार योजनाअनुसार अनुदान रकम प्रयोग गर्न विद्यालयहरूलाई मद्दत गर्ने ।
  - अनुदान रकमको प्रयोगका बारेमा अनुगमन गर्ने । प्रधानाध्यापकका बैठकहरूमा यस विषयलाई प्राथमिकता दिने ।
- विद्यालयहरू -
  - तोकिएको समयभित्र शैक्षिक तथ्याङ्क उपलब्ध गराउने ।
  - निर्देशिकामा तोकिएबमोजिम आर्थिक प्रतिवेदन तयार गरी जिल्ला शिक्षा कार्यालयमा बुझाउने ।
  - विद्यालय सुधार योजनालाई विस्तृत गर्ने, वार्षिक विद्यालय सुधार योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने ।

फर्मेटिभ अनुसन्धान सल्लाहकार समूह

डा. ईश्वरप्रसाद उपाध्याय, अध्यक्ष

सह-सचिव, योजना महाशाखा, शिक्षा तथा खेलकुद मन्त्रालय

सह-सचिव, उच्च शिक्षा तथा शैक्षिक प्रशासन महाशाखा, शिक्षा तथा खेलकुद मन्त्रालय

उप-सचिव, अनुगमन तथा मूल्याङ्कन शाखा, शिक्षा तथा खेलकुद मन्त्रालय

महा-निर्देशक, शिक्षा विभाग

उपनिर्देशक अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा, शिक्षा विभाग

जिल्ला शिक्षा अधिकारी, बारा

श्रीमती राधादेबी बज्राचार्य, प्रधानाध्यापक

श्री नरेशमान श्रेष्ठ, प्रधानाध्यापक

प्रा.डा. बज्रराज शाक्य, शिक्षाविद्

प्रा. डा. हरिन्दर थपलिया, शिक्षाविद्

डा. शुसन आचार्य, शिक्षाविद्

डा. ओम गुरुङ, शिक्षाविद्

कार्यकारी निर्देशक, शिक्षा विकास तथा अनुसन्धान केन्द्र

संयोजक, फर्मेटिभ अनुसन्धान परियोजना, शिक्षा विकास तथा अनुसन्धान केन्द्र, सदस्य-सचिव

परियोजनाका प्राविधिक सल्लाहकार

प्रा.डा. हृदयरत्न बज्राचार्य

डा. श्रीरामप्रसाद लामिछाने

प्रा. क्रिष्टिन टोर्नेस, नर्वे

सहयोगी अनुसन्धानकर्ता

श्री राजु मानन्धर

श्री रोमप्रसाद भट्टराई

अनुसन्धानकर्ताहरू

| | | |
|---|---|---|
| १. | शिक्षामा सुविधाविहीन बालबालिकाको पहुँच | नरेन्द्र फुयाल - अनुसन्धानकर्ता<br>रेनु थापा - सहयोगी अनुसन्धानकर्ता<br>चन्द्रमणि भण्डारी - अनुसन्धान सहायक<br>गणेश सिलवाल - अनुसन्धान सहायक<br>केशव देवकोटा - अनुसन्धान सहायक |
| २. | विद्यालय सुधार योजना : सफल विद्यालयको अध्ययन | हरिप्रसाद उपाध्याय - अनुसन्धानकर्ता<br>नविन दुबे, सहयोगी अनुसन्धानकर्ता<br>ओममान श्रेष्ठ - अनुसन्धान सहायक<br>पुरुषोत्तम आचार्य - अनुसन्धान सहायक |
| ३. | आदिवासी तथा भाषिक अल्पसङ्ख्यक समूहको सिकाइ आवश्यकता | गणेश बहादुर सिंह - अनुसन्धानकर्ता<br>अशोक पोखरेल - सहयोगी अनुसन्धानकर्ता<br>प्रतिभा प्रधान - अनुसन्धान सहायक<br>ओमप्रकाश सिंह - अनुसन्धान सहायक |
| ४. | एकमुष्ठ अनुदान वितरण व्यवस्था | तीर्थबहादुर मानन्धर - अनुसन्धानकर्ता<br>ज्ञानेश्वर अमात्य - सहयोगी अनुसन्धानकर्ता<br>जयराम थापा - अनुसन्धान सहायक<br>मुरारी के.सी. - हेड असिष्टेन्ट |